आज मिती २०८३ साल असार महिना ६ गते का दिन महा पलाँता गाउँ पालिकाका अध्यक्ष श्री बिष्णु बहादुर रोकाया ज्यु को अध्यक्षता मा आगामी आ.व. २०८३/०८४ का लागी १८ औं गाउँ अधिवेशन उदघाटन समारोहमा गाउँपालिका सभा सदस्य तथा प्रतिनिधि कर्मचारीहरु जनसमुदायको उपस्थितीमा उदघाटन कार्यक्रम गरियो।

उपस्थिती

१) श्री बिष्णु बहादुर रोकाया — गाउँपा. अध्यक्ष
२) श्री अलिपुरा जोसी — " " उपाध्यक्ष
३) श्री मनरुप न्यौपाने — वडा अध्यक्ष वडा १
४) श्री भिम प्रसाद न्यौपाने — " " " " २
५) श्री बाँचे कामी — " " ३
६) श्री तिलक बुढा — " " ४
७) श्री तिलक बि.क. — " " ५
८) श्री इजत रेडी — " " ६
९) श्री कल ब. बम — " ७
१०) श्री गगन ब. बम — " ८
११) श्री मानसिंह बम — " ९
१२) श्री राज ब. बम
१३) श्री मन्जन सार्की
१४) श्री मागे कामी
१५) श्री भाउरी कामी
१६) श्री कविता बम
१७) श्री सम्झना बि.क.
१८) श्री कमलेस बि.क.
१९) श्री [illegible] कार्की
२०, देपु चिताल
२१, जोबना कामी
२२, जडेली कामी
२३. धर्मा बहादुर कार्की
२४ टेक ब. कार्की
२५, तेजना अधिकारी
२६, सम्झना कार्की
२७ देवी कार्की
२८ दर्शन रोकाया

२९. गणेश बम
३० नन्द मिश्र
३१ आईति मजगी
३२ बाजा बहादुर कार्की
३३. विष्णलाल प्याकुरेल
३४. आइते सार्की
३५. देउ बुढा
३६ सर्पराज थापा
३७. देवकला सार्की
३८ आईती सार्की
३९. टीका नेपाली
४० भीमा वि.क.
४१ मायादेवी रोकाया
४२. प्रिमा वि.क.
४३. दर्शना प्याकुरेल
४४ डिल्लु पाण्डे
४५ ... कु. उपाध्याय
४६ निर्मला थापा
४७ इश्वरी थापा
४८ नर्मानन्द चौधरी
४९ कलम महतारा
५०. सर्प... बुढा
५१ ठगु हमाल
५२ रुप ब. बम
५३ सर्प रोकाया
५४ सुर्जिन कार्की
५५ दिपेन्द्र ब. हमाल गा.पा. कर्मचारी
५६ अजल वि.क.
५७ भिम प्रसाद जोशी
५८ राजु बम
५९ प्रकाश शाही
६० अतल बम
६१ नरपाल सिंह कार्की
६२ कुम रोकाया

Page No.

Date

६३ सारदा धामी — सामाजिक परिचालक
६४. बिमला रोकाया — ,,
६५. जौमला रोकाया
६६. गोमल रोकाया
६७. जन रोकाया
६८. आधिराज बम
६९ तननमान बम
७० डिङमा रोकाया
७१ कि कुवला बम
७२ बिर्के भण्डारी
७३ बालि बं भण्डारी
७४ कल्पना महतारा — (सुरक्षा प्राविधिक
७५ ऐरन ब. रोकाया
७६ विष्णुकिमी चौपारी
७७ भिम ब. बम — (स्वेलकुप आईसी
७८ महेन्द्र रोकाया
७९ स्री आली ब. बम
८० हर्के बुढा
८१ जल ब. हमाल
८२ जल बुढा
८३ मैनबहादुर रोकाया
८४ पबिता बम
८५ धन
८६ गगनराज — अरथाई प्रहरी पोष्ट) ढुन्धार
८७ गोविन्दबहादुर महतारा — ,, —
८८ नरेन्द्र रोकाया — ,, —
८९. प्र.नि. राजेन्द्र ब. रोकाया — ई.प्र.का. सिर्पे गाउँगोड
९०. प्र.ह. पदराज बम — ,, —
९१ प्र.सि. अजि ब. सार्की — ,, —
९२. प्र.अ. सुरेश महतारा — ,, —
९३. प्र.अ. नबिन भैरली — ,, —
९४ नमराज बुढा — वडा नं. ०६ का.स.
९५ अलबहादुर महतारा
९६ सुवास परियार

९७ श्री धन बहादुर वि.क. - वडा सचिव वडा नं. ४

९८ पुचिन्न वि.क. — वडा नं २

९९ प्रेम [illegible] स्वास्थ्य [illegible] [illegible]

१०० प्रेम बहादुर वर्म — वडा सचिव वडा नं. ३

१०१ धन बहादुर वम

१०२ नरेन्द्र बम जनज्योति आ.वि. शिक्षक

१०३ धनजन रोकाया

१०४ [illegible] कटेल

१०५ कमल रोकाया

१०६ ओंस्वराज ऊढा

१०७ एकराज [illegible]

रनजी १०८ रणजित शाही

१०९ राजा विरोकमा

११० जिवन सार्की

१११ नरदिप सार्की

११२ पूर्ण बहादुर राना कृषि अधिकृत

आज मिति २०८३।०३।०९ गतेका दिन पलाँता गाँपालिकाका अध्यक्ष श्री विष्णु बहादुर रोकाया ज्यूको सभाअध्यक्षतामा पलाँता गाउपालिकाको गाउँ सभाको १८ औं अधिवेशनको बैठक बसी तपशिल सभा सदस्यहरुको उपस्थितमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

तपशिल

| | | |
|---|---|---|
| १ | श्री विष्णु बहादुर रोकाया | गा.पा. अध्यक्ष |
| २ | श्री अलैपुरा जैसी | गा.पा. उपाध्यक्ष |
| ३ | श्री मनरुप न्यौपाने | वडा अध्यक्ष वडा नं. १ |
| ४ | श्री भिम प्रसाद न्यौपाने | वडा अध्यक्ष वडा नं. २ |
| ५ | श्री बाँचे कामी | वडा अध्यक्ष वडा नं. ३ |
| ६ | श्री तिलक बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| ७ | श्री तिलक बहादुर बम | वडा अध्यक्ष वडा नं. ५ |
| ८ | श्री ज्ञान ऐडी | वडा अध्यक्ष वडा नं. ६ |
| ९ | श्री कल बहादुर बम | वडा अध्यक्ष वडा नं. ७ |
| १० | श्री गगन बहादुर बम | वडा अध्यक्ष वडा नं. ८ |
| ११ | श्री मानसिंह बम | वडा अध्यक्ष वडा नं. ९ |
| १२ | श्री मन्जन सार्की | कार्यपालिका सदस्य |
| १३ | श्री मागे कामी | कार्यपालिका सदस्य |
| १४ | श्री झाउरी कामी | कार्यपालिका सदस्य |
| १५ | श्री कविता बम | कार्यपालिका सदस्य |
| १६ | श्री सम्झना वि.क. | कार्यपालिका सदस्य |
| १७ | श्री जमना कामी | कार्यपालिका सदस्य |
| १८ | श्री आइती भण्डारी | गाउँ सभा सदस्य वडा नं. १ |
| १९ | श्री छेउकला सार्की | गाउँ सभा सदस्य वडा नं. १ |
| २० | श्री जौधने कार्की | गाउँ सभा सदस्य वडा नं. १ |
| २१ | श्री दर्शना प्याकुरेल | गाउँ सभा सदस्य वडा नं. २ |
| २२ | श्री आइते सार्की | गाउँ सभा सदस्य वडा नं. २ |
| २३ | श्री विष्णु लाल प्याकुरेल | गाउँ सभा सदस्य वडा नं. २ |

| | | |
|---|---|---|
| २४ | श्री दर्शना रोकाय | गाउँ सभा सदस्य वडा नं. ३ |
| २५ | श्री नैनान्द न्यौपाने | गाउँ सभा सदस्य वडा नं. ३ |
| २६ | श्री देउ बुढा | गाउँ सभा सदस्य वडा नं. ३ |
| २७ | श्री तेजना अधिकारी | गाउँ सभा सदस्य वडा नं. ४ |
| २८ | श्री छेपु विटालु | गाउँ सभा सदस्य वडा नं. ४ |
| २९ | श्री नरजन महतारा | गाउँ सभा सदस्य वडा नं. ४ |
| ३० | श्री हस्त बुढा | गाउँ सभा सदस्य वडा नं. ४ |
| ३१ | श्री सुरेश शाही | गाउँ सभा सदस्य वडा नं. ५ |
| ३२ | श्री बाज बहादुर बम | गाउँ सभा सदस्य वडा नं. ५ |
| ३३ | श्री रुपकेशा बुढा | गाउँ सभा सदस्य वडा नं. ६ |
| ३४ | श्री जडेनी कामी | गाउँ सभा सदस्य वडा नं. ६ |
| ३५ | श्री केब बुढा | गाउँ सभा सदस्य वडा नं. ६ |
| ३६ | श्री सर्प धामी | गाउँ सभा सदस्य वडा नं. ६ |
| ३७ | श्री देवी बम | गाउँ सभा सदस्य वडा नं. ७ |
| ३८ | श्री नन्द बहादुर विष्ट | गाउँ सभा सदस्य वडा नं. ७ |
| ३९ | श्री टेक बहादुर बम | गाउँ सभा सदस्य वडा नं. ७ |
| ४० | श्री सम्झना बम | गाउँ सभा सदस्य वडा नं. ८ |
| ४१ | श्री आइती सर्केनी | गाउँ सभा सदस्य वडा नं. ८ |
| ४२ | श्री सर्जन बम | गाउँ सभा सदस्य वडा नं. ८ |
| ४३ | श्री गणेश बहादुर बम | गाउँ सभा सदस्य वडा नं. ८ |
| ४४ | श्री चाँदनी शाही (बम) | गाउँ सभा सदस्य वडा नं. ९ |
| ४५ | श्री टाँका नेपाली | गाउँ सभा सदस्य वडा नं. ९ |
| ४६ | श्री टम्बर बम | गाउँ सभा सदस्य वडा नं. ९ |
| ४७ | श्री राज बहादुर बम | गाउँ सभा सदस्य वडा नं. ९ |
| ४८ | श्री कम्लेस वि.क. | सचिव |

# पलाँता गाउँपालिका

## रानिबिसौंना, कालिकोट

## कर्णाली प्रदेश, नेपाल

पलाँता गाउँपालिकाको

आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम

"स्वच्छ, समृद्ध र सुसंस्कृत पलाँता"

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

पलाँता गाउँपालिका
गाउँपालिकाको कार्यालय
रानीबिसौना, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

# पलाँता गाउँपालिकाको

# आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम

**आदरणीय उपाध्यक्ष, गाउँ सभाका सदस्य एवंम जनसमुदायहरुः**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थानीय सरकारका रूपमा क्रियाशील यस पलाँता गाउँपालिकाले विगतका सिकाइ र जगलाई आत्मसात् गर्दै नयाँ आर्थिक वर्षमा गुणात्मक छलाङ्ग मार्ने संकल्प सहित नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र संघीय तथा कर्णाली प्रदेश सरकारको आव २०८३/८४ को नीतिगत मार्गदर्शनको परिधिभित्र रही उत्पादन, सुशासन र नवप्रवर्तनमा आधारि नीति तथा कार्यक्रम यस पलाँता गाउँपालिकाको गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवको अनुभुति गरेको छु।

यस गौरवपूर्ण अवसरमा लोकतान्त्रिक आन्दोलनका सम्पूर्ण योगदानकर्ताप्रति उच्च सम्मान व्यक्त गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना, राष्ट्रिय एकता, सुशासन, विकास र समृद्धिका लागि विभिन्न समयमा सञ्चालित जनआन्दोलन,जनयुद्ध, सशस्त्र संघर्ष, जेन्जी आन्दोलन तथा विभिन्न कालखण्डका आन्दोलनमा जीवन बलिदान गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, बेपत्ता पारिएका नागरिकहरूको सम्मानपूर्वक स्मरण गर्दै घाइते तथा आन्दोलनबाट प्रभावित सबै व्यक्तिहरूको शीघ्र स्वास्थ्यलाभ, पुनर्स्थापना र सुखद् भविष्यको हार्दिक कामना गर्दछु।

"स्वच्छ, समृद्ध र सुसंकृत पलाँता" को सपना आत्मसात गर्दै यस वर्ष परम्परागत वितरणमुखी ढाँचालाई पूर्णतः विस्थापित गरी नतिजामुखी र दिगो रूपान्तरणका योजनामा केन्द्रित हुने अठोट सहित १८ औ गाउँसभाको यो वजेट अधिवेशनमा हामी सबै पदाधिकारीहरु तन, मन र वचनले एकताका साथ उपस्थित भएका छौ । नेपालको संघिय लोकतान्त्रीक गणतन्त्र प्रासीको लागी सबै तह समुदाय वर्गबाट भएका एकतापूर्ण आन्दोलन त्याग, तपस्या, लाई सधै मन मुटुमा स्मरण गर्दै माहान सहिदहरु प्रति हार्दिक श्रद्धान्जली र उच्च सम्मान प्रकट गर्न चाहान्छु । साथै पलाँता वासी स्थानीय नागरीकको सपना आशा तथा भरोसा लाई टुट्न नदीने गरी विद्यमानमा देखीएका समस्या चुनौती लाई अवसरको रुपमा लिई अगाडी वढ्ने प्रर्तिवद्धता समेत व्यक्त गर्दछु ।
आर्थिक वर्ष २०८३।०८४ लगाएत दिर्घकालिन रुपमा पलाँता गाउँपालिकाको विकासका निम्ती, नीति योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुर्याउनुहुने उपाध्यक्ष ज्यु, सभाका सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु लगाएत सबै राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलहरु र सम्पूर्ण गाउँपालिका वासी आमा वुबा दिदीवहिनी तथा दाजुभाईहरु लाई यो महत्वपुर्ण सभा मार्फत स-धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

कर्णाली प्रदेशको उत्तरी भागमा रहेको तथा गाउँपालिका मध्येको अति दुर्गम तथा भौगोलिक दृष्टिकोणले विकट भएतापनि प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, का साथै उत्पादन र उत्पादकत्व एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि तिव्रतर विकासको लागि

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

पलाँता गाउँपालिका
गाउँपालिकाको कार्यालय
...कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

हाम्रा सामु अझै पनि धेरै चुनौतीहरु बाकी नै छन । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, विकराल रुपमा बढ्दै गएको युवा बिदेश पलाएन र पुजि पलायन लाई नियन्त्रण गर्ने उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा स्थानीय स्तरमा नै रोजगारी विस्तार गरी गरिवी न्युनीकरण गर्ने, कृषि र पशुको क्षेत्रमा व्यवसायीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरि सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म टेवा पुर्‍याउने, वन जंगलको संरक्षण गर्दै भु-क्षय बाढी पहिरो नियन्त्रण, विपद र वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा अझै लगानी वृद्धिगरी सडक यातायात लगायत भवन संरचनाहरुको निर्माण, विकाश र विस्तार गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुद्धिकरण गर्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्यको माध्यमवाट निम्न मध्यम स्तरको मानव विकाशको अवस्थालाई सुधार गरी उच्च सक्षम व्यक्ती र गतिशिल समाज निर्माण गर्ने, र विभिन्न समयान्तर रुपमा देखीदै आएका भाईरस तथा असाध्ये कडा रोगवाट बच्ने, बचाउने, अन्तत आत्मनिर्भर समृद्ध पलाँता बनाउने जस्ता चुनौतीहरु हाम्रो सामु रहेकाछन् तर पनि राष्ट्रले लिएका दिर्घकालीन लक्ष्यहरु सन २०३० मा अतिकम विकसित वाट विकसित मुलुकमा स्तरोन्नती हुने, वि स २०८७ मा दिगो विकाशका लक्ष्य प्राप्त गर्ने साथै वि स २१०० मा समृद्धिं हासील गर्ने गन्तब्य लाई चुम्नको लागी ३ तहकै सरकार समन्वय, सहभावना र सहकार्य का साथ सगसगै हिड्नुपर्ने अवस्था रहेको र सोही बमोजिम पलाँता गाउँपालिकाको तर्फबाट सगसगै हिड्ने प्रतिवद्धता व्यक्त गर्दछु । यो अवसर र चुनौती दुवै क्षणमा दोश्रो चरण निर्वाचित पदाधिकारीको हालसम्म व्यतीत ४ वर्षको कार्यकाल हामी सवैको प्रयास र संघिय सरकार, प्रदेश सरकार समेतको सहयोग सद्भाव र साझेदारी बाट जे जति महत्वपुर्ण तथा प्रमुख उपलब्धीहरु हासील भएकाछन् ति हामी पलाँतावासीको विकास र समृद्धिका अभिन्न अंगहरु रहेका छन् ।

**गाउँसभाका सदस्य ज्यु हरु**

अब म आगामी आ.व. ०८३/०८४ को विभिन्न क्षेत्रगत प्रमुख नीतिहरु प्रस्तुत गर्न अनुमती चाहान्छु

अब म आर्थिक वर्ष २०८३/०८४ का लागि पलाँता गाउँपालिकाको कृषि, पशुपालन, रोजगारी, उद्यम विकास तथा पर्यटन क्षेत्र सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु। यस वर्ष उच्च मूल्य कृषि, फलफूल उत्पादन, रैथाने बाली संरक्षण तथा व्यावसायिक कृषि प्रणाली लाई केन्द्रमा राखी समृद्ध गाउँ निर्माण गर्ने लक्ष्य लिइएको छ।

**कृषि तथा आर्थिक विकास नीति**

१) "कृषि रूपान्तरण, समृद्धिको आधार" भन्ने मूल नाराका साथ कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण, विविधीकरण र प्रविधिमैत्रीकरण गर्दै विशेष गरी उच्च मूल्य बाली तथा फलफूल खेती विस्तार गरिनेछ।

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
पलाँता गाउँपालिका
रानीभिसौना, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

२) फलफूल नर्सरी स्थापना तथा सुदृढीकरण गरी स्थानीय स्तरमै उन्नत बिरुवा उत्पादन गर्ने नीति अवलम्बन गरिनेछ।

३) व्यावसायिक फलफूल बगैंचा स्थापना तथा व्यवस्थापनमा कृषकलाई प्रोत्साहन र प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

४) "घरघरमा बगैंचा, गाउँमा हरियाली" अभियान सञ्चालन गर्दै फलफूल बगैंचा विस्तार गरिनेछ।

५) कृषक घुम्ती तालिम कार्यक्रम सञ्चालन गरी आधुनिक कृषि प्रविधि, फलफूल खेती व्यवस्थापन, नर्सरी उत्पादन तथा बजार व्यवस्थापन सम्बन्धी ज्ञान प्रदान गरिनेछ।

६) कृषक समूह दर्ता, पुनःसंगठन तथा सामूहिक सेवा विस्तार गर्दै सहकारीकरणलाई मजबुत बनाइनेछ।

७) कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न संघ, संस्था, संघीय सरकार तथा प्रदेश सरकारसँग प्रभावकारी समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ।

८) कृषि तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना गरी उत्पादन, क्षेत्रफल, कृषक विवरण तथा बाली संरचना अद्यावधिक गरिनेछ।

९) खेतबारीमा प्राविधिक सेवा कार्यक्रम विस्तार गर्दै कृषि प्राविधिकहरूबाट नियमित फिल्ड भ्रमण, रोग—कीरा व्यवस्थापन, माटो परीक्षण तथा सल्लाह सेवा प्रदान गरिनेछ।

१०) रैथाने बालीहरूको संरक्षण, प्रवर्द्धन तथा बजारिकरण गर्दै जैविक विविधता संरक्षणमा जोड दिइनेछ।

११) मौसमी तथा वेमौसमी तरकारी खेतीलाई सिँचाइ सुविधा, प्लास्टिक टनेल, बीउ अनुदान तथा प्राविधिक सहयोगमार्फत विस्तार गरिनेछ।

१२) "उत्पादन वढाऔं, वजार जोडाऔं" अभियान अन्तर्गत व्यावसायिक तरकारी उत्पादन क्षेत्र विकास गरिनेछ।

१३) फलफूल नर्सरी, व्यावसायिक बगैंचा तथा तरकारी उत्पादनलाई एकीकृत कृषि प्रणाली अन्तर्गत विकास गरिनेछ।

१४) कृषकहरूको क्षमता अभिवृद्धिका लागि आधुनिक फलफूल खेती, नर्सरी व्यवस्थापन तथा बेमौसमी तरकारी उत्पादन सम्वन्धी नियमित तालिम सञ्चालन गरिनेछ।

१५) बाँझो जमिन उपयोग नीति लागू गर्दै फलफूल तथा उच्च मूल्य बाली रोपणलाई प्राथमिकता दिइनेछ।

१६) "एक वडा एक उत्पादन, एक गाउँ एक पहिचान" अवधारणाअनुसार व्यावसायिक कृषि पकेट क्षेत्र विकास गरिनेछ।

१७) व्यवसायिक किसानहरुलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान प्रदान गरिने छ।

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
रानीबिसौना, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

**पशुसेवा तथा प्रसार कार्यक्रम :-**

१) पशुसेवाका सबै कार्यक्रम लाई अध्यक्ष सग पशुसेवा कार्यक्रमको रुपमा सञ्चालन गरीने छ ।

२) "गोठ देखी ओठ सम्म" स्वच्छ उत्पादन गर्न तालिम अर्न्तकृर्या सचेतीकरण गरीने छ ।

३) संघिय वजेटको मर्म अनुसार साझेदारीमा पालिकामा भेटेरीनरी व्यवस्थित गरि सञ्चालन गरिने छ।

४) वितरणमुखी भन्दा उत्पालनमुलक कार्यक्रमलाई प्राथमिकता दिईने छ ।

५) पशुपन्छीको रोग निदान गर्न आधारभुत प्रयोगशाला सेवा शुरु गर्ने व्यवस्था मिलाईने छ । गोबर परिक्षण, थुनेलो रोग पहिचानको लागि दुध परिक्षण, छाला सम्बन्धी समस्या पहिचानको लागी स्किन स्कार्पिङ परिक्षण को व्यवस्था मिलाईने छ ।

६) आधारभूत आवश्यक्ताको पशुपन्छीजन्य आन्तरिक तथा वाह्य परजीवी बिरुद्व, थुनेलो रोग बिरुद्वको औषधी, गाई/भैसी, बाखा भेडा जस्ता पशु चौपायाको साल अड्कने जस्ता समस्याको औषधी, गाई/भैसी र भेडाबाखामा बाझोपन निवारणको लागी सहयोगी औषधी र स्थानीय कुखुराहरुमा साल्मोनेला रोग बिरुद्धको औषधी निरन्तर र अटुट रुपमा उपलब्ध गराईने प्रबन्ध मिलाईने छ ।

७) विगतको केही वर्ष देखी महामारी जन्य रोगले थला परेका पशु पालन व्यवसायलाई पुनः लयमा फर्काउन कार्यक्रम ल्याईने छ।

८) पशु स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता तथा थप व्यवस्थित गरिदै लगिने छ।

९) स्थानीय स्तरमा मत्स्यपालक कृषकहरुको लागी निःशुल्क कार्प जातको माछाको भुरा वितरण कार्यक्रम सञ्चालन गरिने छ। साथै स्थानीय खोलाहरुमा माछाका भुरा छोड्ने कार्यक्रम समेत सञ्चालनमा ल्याइने छ।

१०) कुकुरको वन्ध्याकरण सेवालाई निरन्तरता दिइने छ।

११) सन् २०३० सम्म कुकुरको टोकाईबाट हुने मानव मृत्यु शुन्यमा झार्न घर पालुवा कुकुर बिरालोलाई निरन्तर निःशुल्क रेबिज रोग विरुद्धको खोप लगाउने तथा सामुदायिक कुकुहरूको वन्ध्याकरणको व्यवस्था मिलाईने छ।

१२) कृत्रिम गर्भधान मिसन कार्यक्रमलाई निरन्तरता दिईने छ।

१३) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहयोगमा पशुवस्तुहरूमा महामारी जन्य रोग विरुद्धको खोप कार्यक्रम) पूर्ण खोप (सञ्चालन गरिने छ।

१४) स्थानीय स्तरमै दुध, मासु, अण्डा र माछा उत्पादन तथा बजारीकरणमा सहयोगी भूमिका खेल्ने आधारहरु क्रमशः तयार गरिदै लगिने छ।

१५) प्रदेश सरकार र केन्द्र सरकारको साझेदारी, सहलगानीमा पशुपालनलाई उत्पादनमुलक आर्थिक र रोजगारीमुलक सम्मानित पेशाको रुपमा विकसित गरिनेछ ।

बिष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

घरेलु तथा साना उद्योग तर्फः-

१) सबै प्रकृत्तिका घरेलु तथा रोजगार मुलक कार्यक्रम लाई स्वरोजगार कार्यक्रमको रुपमा सञ्चालन गरीने छ

२)शर्शत बजेट अन्तर्गत कार्यकम मध्ये लघुउद्यम विकाश कार्यक्रम मार्फत समुहमा प्रविधि हस्तान्तरण, पुनताजगी र एडभान्स सिप विकाश तालीम, लघुउद्यम विकाश मोडेलमा नया लघु उद्यमी सुर्जना गरिने छ

३)उद्योग पर्यटन मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर र पलाँता गाउँपालिकाको वृद्धिमुखी उद्यमशिलता रोजगारी कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

४)रोजगार हुन चाहनेलाई सीप सिकाई आत्मनिर्भर बनाउने कार्यलाई प्रदेश मन्त्रालयसँग समन्वय गरी आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

५)स्थानीय सीप, श्रोत, साधन एवं प्रविधिको प्रयोगलाई बढावा दिई व्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।

६)घरेलु तथा सहयोगी सस्थासगको सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, यन्त्र, उपकरण प्रदान गरीने छ।

७)स्थानीय वन पैदावर, प्राकृतिक स्रोत साधन, जडिबुटीमा आधारीत उद्योगहरु स्थापना गर्न लगानी कर्ताहरुलाई उचित वातावरणको व्यवस्था गरिने छ ।

८)आन्तरीक श्रोत बाट अतिरिक्त तालीम तथा प्रविधि हस्तान्तरण गरीने छ ।

पर्यटन तर्फ :-

१) सबै पर्यटकीय गतिविधि तथा कार्यक्रम लाई व्यवस्थित र दिर्घकालिन पर्यटकीय कार्यक्रमको रुपमा अगाडी बढाईने छ ।

२)गाउँपालिका भित्र पर्यटकीय क्षेत्रको पहिचान हुनेगरी पर्यटन पुस्तक प्रकाशन गरीनेछ । साथै पर्यटकीय क्षेत्रको गुरुयोजना यसै आ.व मा तयार गरिने छ ।

३) पर्यटकीय क्षेत्रमा रुची राख्ने युवा हरुलाई पर्यटकीय प्रवर्द्धन मुलक तालीम दिईने छ ।

४) प्रदेश सरकार तथा गाउँपालिका समेतको सहकार्यमा पर्यटकीय पदमार्ग, पर्यटकीय क्षेत्रहरु मन्दीर झरना पदमार्ग, पार्कको निर्माण तथा विकासको लागि अध्ययन तथा गुरुयोजना तयारगरी दिगो पर्यटन विकाश कार्यक्रम सञ्चालन गरिनेछ ।

सहकारी विकास तर्फ :-

१) आ व २०८३/०८४ देखि पलाँता गाउँपालिकामा संचालित सम्पुर्ण सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा कोपोमिक्समा आवद्द गराइनेछ । बहुउद्देश्यीय तथा कृषि सहकारी संथाहरुलाई उत्पादन क्षेत्रमा लाग्न अभिप्रेरित गरिनेछ ।

२)पलाँता गाउँपालिकामा संचालित सहकारी संस्थाहरु प्रभावकारी रुपमा चौमासिक अनुगमन कार्यको थालनी गरिनेछ ।

बिष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
पलाँता गाउँपालिका
रानीबिसौना, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

३) कृषि सहकारी संस्था लगाएत कृषि फर्महरुबाट उत्पादित कृषि उपजहरु संकलन तथा बिक्री केन्द्र मार्फत बिक्री गर्ने कार्यको थालनी गरिनेछ ।

४) गाउँपालिका भित्र रहेका सहकारीको अध्यन अवलोकन गरी अवस्थाको चित्रण गरीने छ भने सो को प्रभावकारी अभिलेख तयार गरीने छ साथै सहकारीको दिगोपना र विश्वसनियता वृद्धि हुनेगरी सहकारी सञ्चालनमा जोड दिईनेछ।

शिक्षा तर्फ :-

१) शिक्षा क्षेत्रको व्यापक सुधारका लागि शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
२) शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र जीवन उपयोगी बनाईनेछ।
३) उपयुक्त पुर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गरिनेछ।
४) अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षा र निशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चितता गरिनेछ।
५) अनुशासन, नैतिकता र सदाचार सहितको जीवनोपयोगी शिक्षा विकासका लागि स्थानीय पाठ्यक्रम र शैक्षिक सिकाइ पद्धतीमा सुधार गरी कार्यान्वयन गरिनेछ ।
६) पालिका भित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षा केन्द्र स्थापनाका लागी सम्बन्धी निकायमा पहल चालिने छ ।
७) विद्यालयको शैक्षिक एवम् भौतिक पक्षहरुलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री एवम् समावेशी बनाईनेछ ।
८) शिक्षण संस्थाहरुको सवलीकरण तथा संरचनागत सुधार गरी सुशासनको प्रत्याभुती दिलाईनेछ।
९) आधारभुत तह उत्तीर्ण परीक्षा लगायत अन्य तहको कक्षागत परीक्षालाई तोकिएको मापदण्डका आधारमा व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। पालिका भित्र सञ्चालित सबै सामुदायिक विद्यालयको परीक्षालाई पालिकास्तरीय परीक्षा समिति मार्फत एकरुपतासाथ सञ्चालन गरिनेछ।
१०) सम्पुर्ण माध्यामिक विद्यालयहरुमा क्रमशः पुस्तकालय विज्ञान र कम्पुटर प्रयोगशालाको स्थापना र व्यवस्थित प्रयोगको कार्य अगाडी बढाईनेछ ।
११) यस पालिका अन्तर्गत सञ्चालित कम्तिमा एक विद्यालयलाई स्मार्ट विद्यालय बनाईनेछ।
१२) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिवाक, शिक्षकहरुलाई आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१३) गाउँपालिका भित्र रहेका गरिव तथा जेहेन्दार विद्यार्थीका लागि वार्षिक रुपमा छात्रवृत्ति प्रदान गर्ने निति अवलम्बन गरिनेछ।
१४) कक्षा ६-८ का लागि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिनेछ ।
१५) विषम परिस्थिति, महामारी, प्राकृतिक प्रकोपमा विद्यालयमा नियमित रुपमा शैक्षिक क्षति न्युनिकरण गर्ने व्यवस्था मिलाइनेछ।

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

पलाता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीसिमौना, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

१६) विद्यालयको शैक्षिक गतिविधी र शैक्षिक योजनाहरुलाई प्रभावकारी कार्यान्वयन लागि नियमित रुपमा प्रध्यानाध्यापकहरुको अन्तरक्रियात्मक बैठकलाई निरन्तरता दिईनेछ।

१७) सबै तह र प्रकारका शिक्षामा नेतृत्वको सवलीकरण, पेशागत उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गरी समग्र शिक्षा क्षेत्रमा सुशासन कायम गरिनेछ।

१८) विद्यार्थीको क्षमता तथा प्रतिभा पहिचान र प्रस्फुटनका लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायत विभिन्न खेलकुद तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।

१९) सूचना तथा सञ्चार प्रविधीलाई शिक्षण सिकाइ र शैक्षिक व्यवस्थापन प्रणालीको अभिन्न अङ्गको रुपमा विकास गरी सुदृढीकरण गरिनेछ ।

२०) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउन स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्यकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गराईनेछ।

२१) शिक्षा विकास तथा समन्वय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

२२) आवधिक रुपमा सिकाईको मुल्याङ्कन गरी विद्यार्थीको सिकाईमा शिक्षक जवाफदेही हुने प्रणालीको विकास गरिनेछ

२३) सबै विद्यालयहरुलाई आधुनिक सूचना प्रविधिको प्रयोगका लागि सक्षम बनाईनेछ र यसका लागि सबै विद्यालयहरुमा इन्टरनेट र प्रिन्टरको व्यवस्थापन गरिनेछ ।

२४) विद्यालयमा अध्ययनरत बालबालिकाहरु बिच विभिन्न अतिरिक्त कियाकलापहरुमा स्वस्थ्य प्रतिस्पर्धा गराई बालबालिकामा अन्तरनिहित प्रतिभा प्रस्फुटन गरी प्रोत्साहन गर्ने परिपाटीको विकास गरिनेछ।

२५) कक्षा ८, १० र १२ को अन्तिम परीक्षामा विषयगत रुपमा उत्कृष्ट औषत सिकाई उपलब्धी हासिल गराउने विषयगत शिक्षक तथा मेधावी विद्यार्थीहरुलाई पुरस्कृत गरी सिर्जनात्मक कार्यका लागि थप प्रेरणा र हौसला प्रदान गरिनेछ।

२६) विद्यालयस्तरीय एकृकीत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तथ्याङ्कलाई अद्यावधिक र चुस्त बनाउन सरोकारवालाहरुको क्षमता विकास गरिनेछ ।

२७) गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा र प्रध्यानाध्यापकविच कार्यसम्पादन सम्झौता गरिनेछ ।

२८) यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक सिकाई केन्द्रलाई सशक्त र प्रभावकारी बनाईनेछ ।

२९) आधारभुत विद्यालयहरुका लागि एक विद्यालय एक कम्पुटर अभियान सञ्चालन गरिनेछ ।

३०) विद्यालय स्वच्छ सरसफाई कार्यक्रम अन्तर्गत पिउने पानी, बालमैत्री शौचालय, नियमित सरसफाई, प्राथमिक उपचार कक्ष, कक्षाकोठा व्यवस्थापन जस्ता विषयहरु क्रमशः सुधार गर्दै लगिनेछ।

३१) संघीय सरकारबाट प्राप्त सशर्त बजेटलाई समयमा नै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३२) विद्यालय क्षेत्र वरीपरि मध्यपान र धुम्रपान निषेध गरिनेछ ।

**स्वास्थ्य तर्फः-**

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

पलाता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीसिमौना, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

१) नागरिकको स्वास्थ्य सम्बन्धी हकलाई कार्यान्वयन गरिनेछ । स्वास्थ्य सम्बन्धी कार्यान्वयनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२) "गर्भवती साक्षरता कार्यक्रम" कार्यक्रम सञ्चालन गरिनेछ, साथै "No More Home Delivery" लागु गर्ने नीति लिइनेछ ।

३) पलाँता अस्पताललाई आवश्यक स्वास्थ्य सामग्री, औषधीको परिपूर्ति गर्दै पालिकाको एक सम्पन्न अस्पतालको रुपमा विकास गरिनेछ ।

४) परिवार योजनालाई प्रभावकारी बनाउन स्वास्थ्य चौकीहरुमा पाँचवटै परिवार नियोजनका साधनहरु नियमित उपलब्ध गराइनेछ ।

५) घरदैलो स्वास्थ्य सेवाको पहुँच पुर्याउन विभिन्न रोगहरुको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी सेवा प्रदान गरिनेछ।

६) "खोज र खोप" अभियान अनुरुप १५ महिनामुनिका सम्पुर्ण बालबालिकालाई लगाउनु पर्ने सम्पुर्ण खोप लगाई पूर्ण खोप पालिका यस आव घोषणा भएकोमा आगामी आव पनि कुनै पनि बालबालिकालाई पूर्ण खोपबाट वन्चित गरिने छैन ।

७) क्षयरोगका बिरामी पहिचान गर्न वडास्तरमा शिविर संचालन गरी विरामीलाई समयमै उपचारको दायरामा ल्याइनेछ ।

८) बालविवाह, बालश्रम रोक्न विशेष पहल गरी आवश्यक कानून तथा कार्यविधि बनाई प्रचार प्रसार गरि लागु गरिनेछ ।

९) महिला बालवालिका तथा अपाङ्ग भएका व्यक्तिहरु, अल्पसंख्यक समुदायको लागि लैंगिक समानता तथा सामाजिक समावेशिकरणका विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

१०) लैंगिक हिंसाको पहिचान तथा यससँग सम्वद्ध मौज्दात कानून, ऐन, नियमावली बारे जानकारी गराउने नीति कार्यक्रम संचालनमा ल्याइनेछ ।

११) दलित, महिला तथा बालवालिका, पछाडि परेका र लक्षित वर्गलाई सिपमूलक तालिम सञ्चालन गर्ने र रोजगारीमा समान पहुँच पुर्याउने नीति अवलम्वन गरिने छ।

१२) घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान संचालन गरिनेछ, जसमा टोल विकास संस्था, आमा समूह, महिला समूह जस्ता सामूदायिक संस्थालाई परिचालन गरिनेछ।

आदरणीय गाउँसभा सदस्यहरु

अब म आर्थिक वर्ष २०८३-८४ मा यस गाउँपालिकाको वन तथा वातावरण संरक्षण र विपद व्यवस्थापन तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रास्कोट/सौना, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

१) गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक सम्पदाको दीगो उपयोग र संरक्षण नीति अवलम्बन गरिनेछ। वन क्षेत्र, सार्वजनिक स्थल, सडक किनारा लगायतका क्षेत्रमा वृक्षारोपण गर्ने कार्यलाई प्रमुख नीतिको रुपमा लिइनेछ ।

२) पहिरोको जोखिम तथा भू-क्षय ग्रस्त क्षेत्रहरुमा घाँस लगायत उपयुक्त विरुवा रोप्ने, वृक्षारोपण गर्ने, आगलागी तथा डढेलो नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । यसका लागि वातावरण संरक्षण ऐन बमोजिम वन फडाँनी गर्ने, आगो लगाउने, वन पैदावर र चोरी निकासी गर्नेलाई उचित कारबाहीको प्रक्रिया अघाडी बढाइनेछ ।

३) सामुदायिक वन व्यवस्थापनलाई प्रबावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

४) वातावरणमैत्री स्थानीय शासन प्रारुप बमोजिम गाउँपालिकाको हरियाली प्रवर्द्धन गर्न वातावरणमैत्री सूचकसम्बन्धी सरोकारवालालाई जानकारी गराउन अभिमूखीकरण कार्यक्रम संचालन गरिनेछ ।

५) विपद व्यवस्थापनको रणनैतिक योजना तयार गरी पालिकास्तरीय "आपतकालिन् विपद् उद्दार केन्द्र" स्थापना गरी विपद् व्यवस्थापनका लागि आवश्यक सामाग्रीको खरिद व्यवस्थापन गरिनेछ।

६) समाजमा फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, सदाचार, अनुशासन, सामाजिक विभेद लगायतका विषयको बारेमा सचेतना प्रवाह गर्न प्रत्येक वडामा अभिमुखिकरण कार्यक्रम समचालन गरिनेछ ।

७) जलवायु परिवर्तनको बढी जोखिममा रहेका समुदायहरुलाई अनुकुलन तथा जोखिम न्युनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

८) गाउँपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिको जन्मदिनको अवसरमा "जन्मदिनमा बृक्षारोपण" भन्ने नितिलाई अवलम्वन गरिनेछ । खुल्ला क्षेत्रलाई संरक्षण र व्यवस्थित गरिनेछ।

आदरणीय गाउँसभा सदस्यहरु
अब म आर्थिक वर्ष २०८३-८४ मा यस गाउँपालिकाको पूर्वाधार विकास तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१) आगामी आर्थिक वर्षभित्रमा गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानी पाइप लाइन, सडक, वत्ति, टेलिफोन, इन्टरनेट लगायतका सवै भौतिक पूर्वाधारलाई व्यवस्थित गर्न "एक वडा एक सडक" का रुपमा प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

गोठीचौर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीसिमौना, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

२) गाउँपालिकाको लाईफ लाइनको रुपमा रहेको बेल्केढुङ्गा- पुलाहाँ- राडुनेटा- छलाहाँ- उखाडी- जाँफे हुँदै ओदी जुम्ला जोड्ने सडकलाई स्तरोन्नति गर्न संघीय सरकार, प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

३) बेल्केढुङ्गा-जिन्दर-वेर्सनकोट-नाईबाडा-माछा जोड्ने सडकलाई स्तरोन्नति गर्न संघीय सरकार, प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

४) बोक्चु-पारौटी-दुदाल्ना हुदै पाथर खोला सडक निर्माणको लागि सम्भाव्यता अध्ययन गरि ट्र्याक खोल्न संघीय सरकार, प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

५) जाँफे- गोठालिचौर- तुसारे- फागोटी- जाज्ज- बेल्केढुङ्गा सडक खण्डको ट्र्याक खोल्न विशेष महत्वका साथ पहल गरिनेछ ।

६) रानिविसौना -घोचायवाडा-डोरी जोड्ने सडकलाई स्तरोन्नति गर्न संघीय सरकार, प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

७) पारौटि-चंखली-भेरा-गैरीखाली-खुम्ला-जाँफे सडकको सम्भाव्यता अध्यायन गरी निर्माण कार्यका लागि संघ तथा प्रदेश सरकार सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

८) कयारदेव-तल्सेरी-रारा सडक सडक निर्माण गर्न संघीय सरकार, प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

९) गाउँपालिकाभित्रको यातायातलाई बाह्रै महिना संचालन गर्न सडकको स्तरोन्नति गरिनेछ। विभिन्न प्राकृतिक कारणले अवरुद्ध सडक सूचारु गर्न आकस्मिक मर्मत सम्भार तथा व्यवस्थापन कोष खडा गरी खर्च व्यवस्थापन गरिनेछ ।

१०) सडकको चौडाई, घुम्तीको दुरी, सडकको ग्रेड व्यवस्थापनका लागि इञ्जिनियरिङ्ग मापदण्ड अनुसार कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।

११) गाउँपालिकाको केन्द्रबाट वडाको केन्द्रसम्म पुग्ने सुरक्षित र भरपर्दो सडक निर्माण गरी क्रमिक रुपमा सार्वजनिक यातायातको व्यवस्था गर्न आवश्यक तयारी थालिनेछ।

१२) उपभोक्ता समितिको कार्यलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन उपभोक्ता समितिलाई अभिमुखिकरण कार्यक्रम तथा उचित तालिमको व्यवस्था गरिनेछ ।

१३) प्राविधिक कर्मचारीको सीप विकासका लागि सडक, भवन, खानेपानी डिजाइन तथा सार्वजनिक खरिद ऐन सम्बन्धी तालिमको आवश्यकता महसुस गरी तालिम दिने व्यवस्था मिलाइनेछ ।

१४) "सिचाईमा लगानीः खेतबारीमा पानी" अभियान अन्तर्गत पालिका क्षेत्रभित्र संचालित सिचाई प्रणालीहरुको मर्मत, सुधार तथा सबलीकारण गरिनेछ। सिचाई सुविधा नपुगेका क्षेत्रमा नहर कुलोको व्यवस्था गर्न पहल गरिनेछ ।

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

पलाता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीभिसौना, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

१५) यस गाउँ पालिकामा सञ्चालनमा रहेका लघु जलविद्युतलाई आवश्यकता र दिर्घकालिन हुने अवस्थाको पहिचान गरि मर्मत गरेर सबै वडामा लाईन बिस्तार र विद्युतिकरण गरी उज्यालो पलाँता निर्माण गर्ने निति लिइनेछ।

आदरणीय गाउँसभा सदस्यहरु

अब म आर्थिक वर्ष २०८३-८४ मा यस गाउँपालिकाको सुशासन तथा संस्थागत सुधार तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१) गाउँपालिकाको संगठन संरचना, स्वीकृत दरबन्दि र पदाधिकारी तथा प्रशासनीक इकाईहरुको कार्यविवरणलाई व्यवस्थित बनाउन "संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यदल" (O&M) को प्रभावकारी रुपमा कार्यान्वयन गरिने नीति अवलम्बन गरिनेछ ।

२) कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्यसम्पादन एवम् प्रोत्साहन प्रणाली अवलम्बन गरिनेछ । गाउँपालिकाका प्रत्येक कर्मचारिको कार्य व्यवहारलाई पारदर्शि, जनमैत्री र सुशासनमुक्त बनाउन आवश्यक कानूनी प्रबन्ध गरी कार्यान्वयन गरिनेछ।

३) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (LGPAS) प्रणालीलाई थप व्यवस्थित गारिनेछ ।

४) सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाइनेछ। सार्वजनिक सेवा प्रवाह र कार्यालयको हितमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

५) गाउँपालिकाका सबै वडा कार्यालयहरु समयमै निर्माण गरी आफ्नै प्रशासनीक भवनबाट सेवा प्रवाह गर्ने क्रमागत वातावरण मिलाइनेछ । निर्माण हुन बाँकी वडा कार्यालयहरुको निर्माण कार्यको लागि आवश्यक बजेटको लागि पहल गरिनेछ ।

६) गाउँपालिकाको पुँजिगत खर्च बढाउनका लागि उक्त बजेट कार्यन्वयन सम्वद्ध जनशक्तिको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ। मासिक रुपमा पुँजिगत बजेटको खर्च अवस्थाको समिक्षा गरी योजना कार्यान्वयन चरणमा देखा पर्ने समस्याहरुलाई समाधान गर्दै लगिनेछ ।

७) न्यायिक समितिका उजुरी, मेलमिलाप, न्यायिक छलफल, मेलमिलापकेन्द्र व्यवस्थापन, उजूरि फछ्यौट, मिसिल संरक्षण लगायतका क्रियाकलापलाई थप व्यवस्थित र पारदर्शी बनाइनेछ ।सबै मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्दि गर्न अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।

८) डिजिटल पलाँता कार्यक्रम संचालन गरी पलाँता गाउँपालिका र मातहतका कार्यालयबाट प्रवाह हुने सेवालाई सरल, सहज, पारदर्शि, पहुँचयोग्य र व्यवस्थित तुल्याइनेछ ।

९) नीति तथा कार्यक्रमको प्रभावकारि कार्यान्वयन र निरन्तर अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नको लागि छुट्टाछुटै समिति गठन गरी मासिक समिक्षा गरिनेछ ।

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीसिमौना, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

अन्त्यमा,

नीति तथा कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयन पालिकाको एकल प्रयासबाट मात्र सम्भव छनै । यसका लागि सबै राजनीतिक दल, सामुदायिक, नीजि गैरसरकारी संघ संस्था, नागरिक समाज, सहकारी तथा वित्तिय क्षेत्र, युबा क्लब तथा आमा समुह लगायत समग्र गाउँबासीहरुको निरन्तर सहयोग, समर्थन र सुझावको आवश्यक पर्दछ । यसले गर्दा नीति तथा कार्यक्रमले तय गरेको "स्वच्छ, समृद्ध र सु-सँस्कृत पलाँता" को सपना सार्थक हुने देखिन्छ । यस नीति तथा कार्यक्रम मार्फत पलाँता गाउँबासीको आशा र आवश्यकता परिपुर्ति गर्न पलाँता सरकार अहोरात्र लागि पर्ने प्रतिबद्धता व्यक्त गर्दछ । यो नीति तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक राय, सुझाव एवम् सल्लाह तथा परामर्श प्रदान गर्नुहुने उपाध्यक्ष ज्यू, गाउँ सभाका सदस्यहरु, सबै राजनीतिक दलका नेतागण, सन्चारकर्मी आम नागरिक र सम्पर्ण कर्मचारीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै यस नीति तथा कार्यक्रम तय गर्न महत्वपर्ण भमिका निर्वाह गर्ने पलाँता गाँउ पालिकाका प्रमुख प्रशासकिय अधिकृत ज्यू, गाउँ सभा अन्तर्गतका विषयगत समिति, गाउँकार्यपालिका कार्यालयका शाखा प्रमुखहरु लगायत सबै सम्बद्ध पक्षहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

धन्यवाद!

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

आज मिति २०८३।०३।१० गतेका दिन पलाँता गाँपालिकाका अध्यक्ष श्री विष्णु वहादुर रोकाया ज्यूको सभाअध्यक्षतामा पलाँता गाउपालिकाको गाउँ सभाको १८ औं अधिवेशनको बैठक बसी तपशिल सभा सदस्यहरुको उपस्थितमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

## तपशिल

| | | |
|---|---|---|
| १ | श्री विष्णु वहादुर रोकाया | गा.पा. अध्यक्ष |
| २ | श्री अलैपुरा जैसी | गा.पा. उपाध्यक्ष |
| ३ | श्री मनरुप न्यौपाने | वडा अध्यक्ष वडा नं. १ |
| ४ | श्री भिम प्रसाद न्यौपाने | वडा अध्यक्ष वडा नं. २ |
| ५ | श्री बाँचे कामी | वडा अध्यक्ष वडा नं. ३ |
| ६ | श्री तिलक बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| ७ | श्री तिलक बहादुर बम | वडा अध्यक्ष वडा नं. ५ |
| ८ | श्री ज्ञान ऐडी | वडा अध्यक्ष वडा नं. ६ |
| ९ | श्री कल वहादुर बम | वडा अध्यक्ष वडा नं. ७ |
| १० | श्री गगन वहादुर बम | वडा अध्यक्ष वडा नं. ८ |
| ११ | श्री मानसिंह बम | वडा अध्यक्ष वडा नं. ९ |
| १२ | श्री मन्जन सार्की | कार्यपालिका सदस्य |
| १३ | श्री मागे कामी | कार्यपालिका सदस्य |
| १४ | श्री झाउरी कामी | कार्यपालिका सदस्य |
| १५ | श्री कविता बम | कार्यपालिका सदस्य |
| १६ | श्री सम्झना वि.क. | कार्यपालिका सदस्य |
| १७ | श्री जमना कामी | कार्यपालिका सदस्य |
| १८ | श्री आइती भण्डारी | गाउँ सभा सदस्य वडा नं. १ |
| १९ | श्री छेउकला सार्की | गाउँ सभा सदस्य वडा नं. १ |
| २० | श्री जौधने कार्की | गाउँ सभा सदस्य वडा नं. १ |
| २१ | श्री दर्शना प्याकुरेल | गाउँ सभा सदस्य वडा नं. २ |
| २२ | श्री आइते सार्की | गाउँ सभा सदस्य वडा नं. २ |
| २३ | श्री विष्णु लाल प्याकुरेल | गाउँ सभा सदस्य वडा नं. २ |

| | | |
|---|---|---|
| २४ | श्री दर्शना रोकाय | गाउँ सभा सदस्य वडा नं. ३ |
| २५ | श्री नैनान्द न्यौपाने | गाउँ सभा सदस्य वडा नं. ३ |
| २६ | श्री देउ बुढा | गाउँ सभा सदस्य वडा नं. ३ |
| २७ | श्री तेजना अधिकारी | गाउँ सभा सदस्य वडा नं. ४ |
| २८ | श्री छेपु विटालु | गाउँ सभा सदस्य वडा नं. ४ |
| २९ | श्री नरजन महतारा | गाउँ सभा सदस्य वडा नं. ४ |
| ३० | श्री हस्त बुढा | गाउँ सभा सदस्य वडा नं. ४ |
| ३१ | श्री सुरेश शाही | गाउँ सभा सदस्य वडा नं. ५ |
| ३२ | श्री बाज बहादुर बम | गाउँ सभा सदस्य वडा नं. ५ |
| ३३ | श्री रुपकेशा बुढा | गाउँ सभा सदस्य वडा नं. ६ |
| ३४ | श्री जडेनी कामी | गाउँ सभा सदस्य वडा नं. ६ |
| ३५ | श्री केब बुढा | गाउँ सभा सदस्य वडा नं. ६ |
| ३६ | श्री सर्प धामी | गाउँ सभा सदस्य वडा नं. ६ |
| ३७ | श्री देवी वम | गाउँ सभा सदस्य वडा नं. ७ |
| ३८ | श्री नन्द बहादुर विष्ट | गाउँ सभा सदस्य वडा नं. ७ |
| ३९ | श्री टेक बहादुर बम | गाउँ सभा सदस्य वडा नं. ७ |
| ४० | श्री सम्झना वम | गाउँ सभा सदस्य वडा नं. ८ |
| ४१ | श्री आइती सर्केनी | गाउँ सभा सदस्य वडा नं. ८ |
| ४२ | श्री सर्जन बम | गाउँ सभा सदस्य वडा नं. ८ |
| ४३ | श्री गणेश बहादुर बम | गाउँ सभा सदस्य वडा नं. ८ |
| ४४ | श्री चाँदनी शाही (बम) | गाउँ सभा सदस्य वडा नं. ९ |
| ४५ | श्री टाँका नेपाली | गाउँ सभा सदस्य वडा नं. ९ |
| ४६ | श्री टम्बर बम | गाउँ सभा सदस्य वडा नं. ९ |
| ४७ | श्री राज बहादुर बम | गाउँ सभा सदस्य वडा नं. ९ |
| ४८ | श्री कम्लेस वि.क. | सचिव |

आ.व. २०८३।०८४ को लागि देहाय अनुसारको आय र व्याय भित्र रहने गरि शिर्षगत बजेट तथा कार्यक्रम तयार गरि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

आय तर्फ

१. संघिय सरकार

क. वित्तिय समानिकरण अनुदान =रु १० करोड ६७ लाख

ख. सशर्त चालु तर्फ =रु १७ करोड ३४ लाख

ग. सशर्त पुजिगत तर्फ = रु २ करोड ५५ लाख

घ. विशेष अनुदान तर्फ =रु १ करोड

ङ. राजस्व बाँडफाड तर्फ = रु ११ करोड २८ लाख ३४ हजार

जम्मा संघिय अनुदान रकम रु ४२ करोड ८४ लाख ३४ हजार ।

२. प्रदेश सरकार

क. वित्तिय समानिकरण अनुदान तर्फ =रु १ करोड ३४ लाख ५४ हजार

ख. सशर्त चालु अनुदान तर्फ =रु १५ लाख ९५ हजार

ग. सशर्त पुजिगत अनुदान तर्फ =रु २ करोड ३० लाख

घ. समपुरक अनुदान तर्फ =रु २ करोड ६५ लाख

ङ. राजस्व बाँडफाड तर्फ =रु १५ लाख १० हजार ९१ रुपैया ८० पैसा।

जम्मा प्रदेश अनुदान रकम रु ६ करोड ६० लाख ५९ हजार ९१ रुपैया ८० पैसा।

३. आन्तरिक श्रोत (अनुमानित)

क. आन्तरिक आय( आन्तरिक राजस्व) =२५ लाख

ख. मौज्दात रकम (अल्याय रकम गत आवको रकम) =२ करोड ।

जम्मा आन्तरिक श्रोत रकम रु २ करोड २५ लाख

गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट जम्मा रकम रु ५१ करोड ६९ लाख ९३ हजार ९१ रुपैया ८० पैसा व्यय हुने गरि अनुसुची १ अनुसारको बजेट तथा शिर्षकगत कार्यक्रम गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

विष्णु बहादुर रोकाय
गाउँपालिका अध्यक्ष

पलाता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३